कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रससग्राम चितवनद्वारा आयोजित

<u>सार्वजनिक सुनुवाई (२०८०/१२/१ देखि २०८१/०३/२५गतेसम्म) कार्यक्रममा कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण</u>

1. पृष्ठभूमिः

   सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८०/१२/०१ देखि हिजो मिति २०८१/०३/२५ गतेसम्म सम्पादन गरेका काम / कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ ।

   यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले उठेका प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ ।
2. मोडरेटरः
3. समयः दिनको १ बजे
4. स्थानः वडा न. २ न. महिला संजाल भवन
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन्:
   1. चालु आर्थिक वर्ष ८०/८१ को तेश्रो चौमासिक अवधि भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने ।
   2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने ।
   3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने ।

4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने ।
5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने
6. सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरु

क) <u>अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः</u>

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ | कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक सस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ ।

❖ जनसहभागिता वृद्धिका लागि वडा वडाहरुबाट प्रचार प्रसार गरि सहजीकरणका लागि पत्राचार गरिएको , कालिकाको पेजमा सार्वजनिक सूचना जारी गरिएको , कार्यक्रममा सार्वजनिक सुनुवाई सम्बन्धि सूचना भनिएको , सेवा प्रदायक सस्थादवारा माईकिंग गरिएको , नागरिक अभिमत पत्र भरेका सेवाग्राहीलाई उपस्थित हुन अनुरोध गरिएको |

२. सेवा प्रवाहको औजारको रुपमा रहेको नागरिक अभिमत –पत्रमा प्राप्त सुझावहरुलाई प्रवाभकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ |

❖ सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई प्रशासनिक सुधारमा अनुभव प्राप्त हुनेगरी कार्यान्वयन गरिएको र कार्यक्रम तथा मागका सम्बन्धमा नगरसभाबाट सम्बोधन हुने विश्वास रहेको |

३. चौमासिक रुपमा भए गरेका कार्यहरु विभिन्न संचारका मध्यम, वेबसाइट तथा सामाजिक संजाल मार्फत  सार्वजनिकीकरण गरिनेछ |

❖ कालिका नगरपालिकाले सम्पादन गरेका कृयाकलापहरुको संक्षिप्त बिवरण तयार  पारि सार्वजनिक सुनुवाईमा सार्वजनिकीकरण गर्ने गरिएको , प्रत्येक ३/३  महिनामा स्वेत पत्र प्रकाशन हुने गरेको , आर्थिक प्रशासन शाखाले  पालिकाको आम्दानी खर्च बिवरण त्रैमासिक बिवरण सार्वजनिक गर्ने गरिएको |

४. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औषधी लगायतका सेवालाई व्यवस्थित एवं सुधार गरिनेछ |

- ❖कालिका नगरपालिकामा रहेको कालिका अस्पतालको भौतिक पूर्वाधारलाई व्यवस्थित गर्दै भीडभाड कम गर्ने ओ पि डि काउन्टर थप गरिएको छ | बाल र स्त्री तथा महिला रोग विशेषज्ञ सेवा थप गरिएको छ | कालिका नगरपालिकामा आँखा उपचार केन्द्र स्थापना गरि सेवा प्रवाह प्रदान गरिएको छ | औषधिको उपलब्धतालाई सरल बनाउदै दीर्घ रोगीहरुले खाने औषधिको सहज आपूर्ति गर्ने व्यवस्था मिलईएको छ |

<u>हाम्रा थप प्रतिवद्धता</u>

१. संघ , प्रदेश ,स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ |
नेपालमा ३ तहको सरकार विद्यमान रहेको अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि
समन्वय,सहकार्य,सहअस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२. बिधुत प्राधिकरणसंग सहकार्य गरि अधुरा तथा पहुच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई अगाडि बढाईने छ ।

३. नगरको फोहर व्यवस्थापनका लागि उपयुक्त निर्णय लिई छिट्टै कार्यान्वयनको चरणमा लगिने छ |

<u>ख . तेस्रो चौमासिक अवधिमा भए गरेका कार्यहरु:-</u>

१. नगरपालिकाको प्रमुख कार्य दैनिकी सेवा प्रवाह हो । यसका लागि नगरपालिका र वडा कार्यालयहरूबाट नियमित पञ्जीकरण, सिफारिस, तथा अन्य सेवाहरू उपलब्ध भईरहेको छ ।

२. रासायनिक मल सहज रुपमा आपूर्ती तथा बिक्रि वितरणको व्यवस्था मिलाईएको छ ।

३. चालु आ.ब को चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा गर्ने विधुतीय रकम भुक्तानीको व्यवस्था मिलाईएको छ भने पर्याप्त रकम निकासा नहुदा केहि लाभग्राहीहरुको रकम छुट हुन् गएकोछ |

४. सहकारीको सेवा प्रवाहलाई पारदर्शी बनाउन सहकारी सस्थाहरु र ऋणीहरुसंगको सहकार्य र अन्तरक्रिया कार्यक्रम संचालन गरिएको |

५. ७८ जना महिलाहरुलाई उदयमशिलता तालिम प्रदान, (२० जनालाई मेटल तथा काँचका चुरा पोते तालिम,२६ जनालाई ब्युटीपार्लर सम्वन्धि ,९ जनालाई नेल सजावट, २४ जनालाई सिलाई कटाई गरि ७८ जनालाई सीप विकास तालिम ) उपलब्ध गरीएको २१ जना लाई सिलाई मेशिन र १ जनालाई फेसियल बेड, स्ट्रेट आईरन, कर्ली आईरन हस्तान्तरण गरिएको छ |

६ . गरिवसंग बिश्वेश्वर कार्यक्रम अन्तर्गत २५ जनालाई सरफ, सावुन, हर्पिक र फिनेलजस्ता दैनिक उपयोग हुने खालका सामाग्री उत्पादन गर्ने तालिम उपलब्ध गराई थप व्यवसाय संचालनका लागि आवश्यक सामग्री/उपकरण उपलब्ध गराएको छ |

७. वडा गत रुपमा ६ न. मा अचार बनाउने तालिम २४ जना ,३ मा ब्युटीपार्लर तालिम २२ जना , वडा न. ४ मा मुडा बनाउने तालिम र फोहरवाट मोहर वनाउने तालिम, वडा न. ६, ७, र ९ मा सरफ, हर्पिक र फिनेल बनाउने तालिम १०५ गरि जम्मा १७२ जनालाई सीप विकास तालिम उपलब्ध गराएको |

८. पिसावबाट हिसाब कार्यक्रम संचालन गरिएको |

९. फोहरबाट मोहर कसरी ? ३ बिद्यालयका १५/१५ जना बिद्यार्थी लाई सचेतना तथा व्यवसायिक ज्ञान प्रदान |

१०. वडा न.४ मा लागूऔषध दुर्ब्यसनी नियन्त्रण रोकथाम र सचेतना सम्बन्धि कार्यक्रम संचालन |

शाखागत प्रगति प्रस्तुतिः

<u>प्रशासन शाखाः</u>

<u>दरवन्दी तथा पदपुर्ति अवस्थाः</u>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी कर्मचारीहरुः नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | अस्थायी कर्मचारीहरुः (करार तथा ज्यालादारी) | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | १ | नगरपालिका तथा वडा तर्फ करार र ज्यालादारी | ५९ |
| जम्मा | ५९ | ४९ | ११ | १ | २ | स्वास्थ्य तर्फ (नगर अस्पताल समेत) करार र ज्यालादारी | ४४ |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | ३ | ज्यालादारी | १४ |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | ४ | जम्मा | ११७ |
| | ३१ | ३१ | ० | ० | जम्मा कर्मचारी संख्याः २०७ (स्थायी, करार र ज्यालादारीसमेत) प्रदेश लोक सेवा आयोगमा जम्मा १५ जना कर्मचारीहरु माग गरिएकोमध्ये प्रशासनतर्फ पाँचजना सिफारिस भएकोमा चार जनामात्र हाजिर हुनुभएको/ प्राविधिकतर्फ सब-इन्जिनियर तीन जना हाजिर हुनुभएको । पशु | | |
| जम्मा | ९० | ८० | ११ | १ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सेवा शाखामा पशु चिकित्सक (अधिकृत आठौं) एक जना हाजिर हुनुभएको । सहायक चौथो तहमा दरबन्दी बमोजिम ६ जना कर्मचारी माग भएकोमा बागमती प्रदेश लोक सेवा आयोगबाट सहायक चौथो तहमा नयाँ भर्ना प्रक्रिया नगरिएकोले रिक्त अवस्थामा रहेको । हाल कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण O&M प्रक्रिया अघि बढाइएको छ । |

नगर सभाको दोस्रो कार्यकालको पाँचौं नगर सभा /अधिवेशनको पहिलो बैठक मिति २०८१/०३/०५ गते वसी नीति तथा कार्यक्रम पारित गरेको आ व २०८१/८२ वजेट पेश भै मिति २०८१/०३/२५ गते वसेको वैठकवाट संशोधित वजेट पारित भएको छ |

कार्यपालिका बैठकः बैठक संख्या र निर्णयः ५ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु:)

१) कालिका नगरपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यबिधि, २०८० स्वीकृत

२) कालिका नगरपालिकाको नगर प्रहरी भर्नाको लागि छनौंट तथा सिफारिस संबन्धी कार्यबिधि, २०८० स्वीकृत

३) कालिका नगरपालिकाको कालिका नगरपालिका भित्र संचालन हुने तिन पाङ्ग्रे सवारी साधन संचालन कार्यबिधि, २०८१ स्वीकृत

४) कालिका नगरपालिकाको उद्‌यम बिकास कोष संचालन तथा परिचालन कार्यबिधि, २०८० स्वीकृत

५) कालिका नगरपालिकाको नगर प्रहरी भर्नाको लागि छनौट तथा सिफारिस कार्यबिधि ,२०८१ स्वीकृत ।।

६) कालिका नगरपालिकाको हाट बजार व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०८१ स्वीकृत ।

- यसै चौमासिकमा नगरपालिकाको स्थानीय आवश्यकता बमोजिम नगर प्रहरी सहायक निरीक्षकको नेतृत्वमा रहने गरी ९ (नौ) जना नगर प्रहरी भर्ना गरिएको छ ।

राजश्व उपशाखाः

तेस्रो चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड ६५ लाख ८१ हजार ४ सय ९७ मात्र |

व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर र, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं ।

सामाजिक सुरक्षा भत्ता वितरणः

| वर्ग (चौथो त्रैमासिक) आ.व ०८०/८१ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ६९ | ६ | २ | १२ | २ | ४ | १३ | १०८ |
| जम्मा | २८६० | १२३ | ३१६ | ६४६ | ८२ | २३४ | १९६ | ४४५७ |

✔लगत कट्टा(चौथो त्रैमासिक) ० जना

✔लगत कट्टा(तेस्रो त्रैमासिक): ६० जना

✔तेस्रो त्रैमासिकसम्म वितरित भत्ताः १३ करोड ४३ लाख ६० हजार ५ सय ४२ । (रु १३,४३,६०,५४२।- )

✔चौथो त्रैमासिकमा वितरण हुने भत्ता: ४ करोड ५४ लाख ९५ हजार १ सय ९८ । (रु ४,५४,९५,१९८।- )

घटना दर्ताः (२०८० साल चैत १ गते देखि २०८१ साल असार २२ सम्म)

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाइ सरी आएको | | बसाइ सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| २८१ | २७६ | ५५७ | ५५ | ४६ | १०१ | १४ | १४४ | ६० | १७४ | ३७ | ८१ | ९१३ |

न्यायिक समिति तर्फ

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको, यो अवधिमा १२ वटा बैठक बसिएको

नगर स्तरमा १६ वटा मुद्दा दर्ता भएकोमा सो मध्ये ११ वटा मिलापत्र भएको । (संस्थाको रकम हिना विना सम्बन्धमा-१ वटा , लेनदेन सम्बन्धी ४, जग्गा सम्बन्धी विवाद ५ वटा र नाबालक छोराको लालन पालन शिक्षा दिक्षा १ सम्बन्न्धमा ४ वटा मुद्‍दा छलफलको क्रममा रहेको ।

राजपत्र प्रकाशनः ४ वटा कानून राजपत्रमा प्रकाशन भएको । छापाखानामा गएको- ४ वटा

<u>योजना तथा अनगमन उपशाखा</u>

क. वडा गत योजना संख्या र कार्यान्वयनको अवस्थाः

| सि. नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका यौजना संख्या | रनिङ विल भुक्तानी |
|---|---|---|---|---|
| १ | १ | २१ | २१ | **0** |
| २ | २ | २१ | २१ | **0** |
| ३ | ३ | १८ | १८ | **0** |
| ४ | ४ | १७ | १७ | **0** |
| ५ | ५ | २१ | २१ | **0** |
| ६ | ६ | ३९ | ३८ | १ |
| ७ | ७ | ३० | ३० | **0** |
| ८ | ८ | २७ | २७ | **0** |
| ९ | ९ | ४१ | ४१ | **0** |
| १० | १० | ३१ | २८ | ३ |
| ११ | ११ | १८ | १८ | **0** |
| जम्मा | | २८४ | २८० | ४ |

२८० वटा उपभोक्ता समितिले ९ करोड ५४ लाख ८५ हजारको कार्य सम्पन्न भुक्तानी भएको ।
४ वटा उपभोक्ता समितिले रनिङ विल वापत २८ लाख ५० हजार भुक्तानी भएको ।

पुर्वाधार बिकास शाखा
पुरानो अधुरो योजनाहरू कार्यान्वयनको अवस्था

| सि.नं | योजनाको नाम | काम को अवस्था | कैफियत निर्माण ब्यबसायी |
|---|---|---|---|
| १ | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | निर्माण ब्यबसायी संपर्कमा आइ एक खण्ड मा कालोपत्रे भएको र बाँकी काम पानि चाडै सम्पन्न गर्ने प्रतिवद्धता गरेको | अनेष्ट |
| २ | प्रशासकीय भवन | निर्माण भइ रहेको (finishing कार्य बाँकि) | रविना |
| ३ | विभिन्न कल्भर्ट | धरौटी जफत गरी ठेक्का तोडी कालो सुचिमा राख्ने प्रक्रियामा अगाडी बढेको | सेक्टर |
| ४ | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | कार्य सुरु नभएको साथै निर्माण ब्यबसायी सम्पर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कारबाही प्रकृया अगाडी बढेको | अर्भान |
| ५ | वडा नं. ८ को वडा कार्यालय भवन | निर्माण कार्य हुँदै गरेको, सम्झौता प्रस्चात केहि कार्य हुँदै जग्गाको बिषयले केहि अवरोध भएकोमा हाल निर्माण कार्य संचालन भईराखेको । | स्काइलाइन |
| ६ | भिम वहादुर थापाको घर देखि २ नं. वडा कार्यालय अगाडी वाटो कालोपत्रे | कालो पत्रेको काम सम्पन्न भई भुक्तानी भएको । | पाण्डे |
| ७ | तुलसी खनालको घर देखि भिम पनेरुको | कार्य सुरु नभएको साथै निर्माण ब्यबसायी सम्पर्कमा नरहेकोले | अर्भान |

| | | | |
|---|---|---|---|
| | घरसम्म कालो पत्रे | निर्माण ब्यबसायीलाइ कारबाहीको प्रकृया अगाडी बढेको । | |
| ८ | मदन आश्रीत चोकदेखि पश्चिम कविता न्यौपानेको घरसम्म कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) साथै<br>निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कारबाहीको प्रकृया अगाडी बढेको । | अर्भान |
| ९ | गढुवा चोक - त्रिवेणि चोक- नव मिलिजुली चोक वाटो मर्मत | ठेक्का तोडी कालो सुचिमा राख्ने प्रक्रियामा अगाडी बढेको | प्रशंशा |
| १० | सुन गुरौको घरदेखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | उक्त सडक खण्ड निर्माणको चरणमा कुलोको बिषयमा जिल्ला अदालतमा मुद्दा दायर भई निर्माण कार्य अवरुद्ध भएको र फैसला पछि निर्माण ब्यवसायी कार्य संचालन गर्न कुलो निर्माण सम्बन्धी अदालतको फैसला अनुसार फिल्डमा कार्य हुँदा मानहानीको बिषय हुने साथै लामो समय पछि महंगीले गर्दा निर्माण कार्य संचालन गर्दा आफुलाई घाटा हुने बिषय सहित ठेक्का तोडी निर्माण स्थलमा तत्कालिन समयमा आफूले गरेको कार्यको नापजांच गरि भुक्तानी पाउ भनि नेपाल मध्यस्थता परिषद् नेप्कामा तथा मुद्दामा गएको । | पाण्डे |

| | | | |
|---|---|---|---|
| ११ | सुन गुरौको घर देखि अंजम्वेरे टोल कालोपत्रे (दोस्रो पार्ट) | केहि भागमा कालोपत्रे कार्य बाँकि रहेको । अन्दाजी ८०% कार्य सकिएको<br>जिल्ला अदालतको फैसलाको कारण देखाई निर्माण ब्यवसायीबाट निर्माण कार्य संचालन नभएको । अदालतको आदेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माण कार्य सुचारु नगरेको । निर्माण ब्यबसायीले ठेक्का तोडी पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन गरेको । | पाण्डे |
| १२ | सुन गुरौको घर देखि अंजम्वेरे टोल कालोपत्रे | बाँकी रहेको ७६ मि मा. कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको | हाइवे |
| १३ | ढोकुन थार्वालिङ गुम्वा भवन निर्माण | निर्माण भइरहेको (अन्दाजी ४० प्रतिशत भौतिक कार्य भएको)<br>संस्कृति तथा पर्यटन मन्त्रालयबाट बजेट नआउदा कार्य रोकिएको । | ड्र्यागन |

**आ. व. २०८०/८१ ठेक्का प्रकृया बाट योजनाहरू प्रगति विवरण**

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु

| सि. नं | ठेक्का न | योजनाको नाम | प्याकेज गरेको योजना विवरण | कामको हाल को प्रगति विवरण |
|---|---|---|---|---|

| काम संचालनमा रहेका ठेक्काहरु | | | | |
|---|---|---|---|---|
| १ | 001/WORKS/NCB/KM/080/81 | वडा नं ४ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- हरि सापकोटा को घर देखी पश्चिम ठाकुर अधिकारी को घर सम्म कालोपत्रे<br>खण्ड २ - चन्द्रप्रसाद सुवेदी को घर देखी दक्षिण सिमना सम्म कालोपत्रे<br>खण्ड ३ - माइनस १ नं बातो गणेश मन्दिर चोक देखी कमल आचार्य घर सम्म | ७५५ मि बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको |
| २ | 002/WORKS/NCB/KM/080/81 | वडा नं ५ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- कालुमाया पाण्डे को घर देखी पूर्ब वोडा नम्बर ४ को सिमनासम्म कालोपत्रे<br>खण्ड २ - आधारभूत विद्यालय ढेढौली देखी उत्तर कालोपत्रे क्रमगत | ५२० मि बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको |
| ३ | 003/WORKS/NCB/KM/080/81 | वडा नं २ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमाना सडक कालोपत्रे वडा नम्बर २<br>खण्ड २-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमाना सडक कालोपत्रे<br>खण्ड ३- महिला सञ्जल र कबर्ड हल अगाडिको बाटो कालोपत्रे<br>खण्ड 4-सुमन महतोको घरदेखी पानी टँकी कल्भर्टसम्म सडक | १३६५ मि बाटोमा बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | स्तरउन्नती<br>खण्ड ५-चितवन जिल्ला कालिका ना.पा.२.जितपुर र सहपुरको सडक स्तरोन्नति | |
| ४ | 004/WORKS/NCB/KM/080/81 | वडा नं ३ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- नारायण गिरिको घरदेखी पश्चिम २ नं सिमाना सम्मा कालोपत्रे<br>खण्ड २ - बाबा चोक देखी उत्तर गुम्बा चोक सम्म सडक कालोपत्रे | ६१४ मि बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको |
| ५ | 005/WORKS/NCB/KM/080/81 | सिद्धि तिन दोभान देखि वार्ड न ११ को कार्यालय पहुच सडक निर्माण | खण्ड १- वार्ड न ११ जोड्ने सडक समपुरक न .पा तर्फ<br>खण्ड २ - सिदि तीन दोबानदेखि वार्ड न ११ को कार्यालय पहुच सडक निर्माण | ९३० मि बाटोमा कालोपत्रेको काम ,कजवे को काम ,नालाको काम सम्पन्न भएको । केहि निर्माण भएको ठाउमा सुधार गर्नु पर्ने कारण यस आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकेको। भौतिक प्रगति ९५% सम्पन्न भएको। |
| ६ | 006/WORKS/NCB/KM/08 | वार्ड न ७ मा ढल तथा नाला निर्माण | खण्ड १-मेघ बहादुर केसीको घरदेखि क्लब चोकसम्म नाला निर्माण वार्ड न ०७ | ९९० मि नालाको काम सम्पन्न भइ |

| | | | | |
|---|---|---|---|---|
| | 0/81 | | खण्ड २-सगुन चोकदेखि क्लब चोक नाला निर्माण निरन्तरता<br>खण्ड ३- मेघ बहादुर केसीको घरदेखि क्लब चोकसम्म नाला | भुक्तानी दिईएको। |
| ७ | 007/WORKS/NCB/KM/080/81 | अजिंगरे खोलाको दुइ ठाउँमा आर.सी सी कल्भर्ट निर्माण | खण्ड १-अजिंगरे खोला कल्भर्ट निर्माण<br>खण्ड २-अजिंगरे घुमाउने घर कल्भर्ट निर्माण तथा<br>खण्ड ३- मेघ बहादुर केसीको घरदेखि क्लब चोकसम्म नाला डाडाघर व्यवस्थापन तथा स्तरोन्नति | दुवै कल्बर्टको काम सम्पन्न भई भुक्तानी भएको। |
| ८ | 008/WORKS/NCB/KM/080/81 | साना किसान सहकारी चोकदेखि हिल्बड हेचरीसम्म बाटो कालो पत्रे | खण्ड १-साना किसान सहकारी चोकदेखि हिल्बड हेचरीसम्म बाटो कालो पत्रे | ५५०मि बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको । |
| ९ | 009/WORKS/NCB/KM/080/81 | जुटपानीदेखि शक्तिखोर सडक स्तरोन्नति | खण्ड १-जुटपानीदेखि शक्तिखोर सडक स्तरोन्नति | १६३० मि बाटोमा बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको । |

| | | | | |
|---|---|---|---|---|
| १० | 010/WORKS/NCB/KM/080/81 | चतुर्मुखी सा.व.उ.स देखि खुकुरी चोक हुदै पूर्व बुद्ध चोव्कसम्म कालोपत्रे | खण्ड १-चतुर्मुखी सा.व.उ.स देखि खुकुरी चोक हुदै पूर्व बुद्ध चोकसम्म कालोपत्रे | ९८३ मि बाटोमा बाटोमा कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको । |
| ११ | 011/WORKS/NCB/KM/080/81 | वार्ड न ०६ को विभिन्न बाटो कालोपत्रे | खण्ड १-वार्ड न ०६कार्यालयदेखि तिवारी चोकसम्म सडक कालोपत्रे<br>खण्ड २-वार्ड न ०६ देखि तिवारी चोकसम्म सडक कालोपत्रे<br>खण्ड ३- टिकाराम आचार्यको घर देखि कालिका ०२ सिमाना जोड्ने बाटो कालोपत्रे वार्ड न ०६ | ४४१ मि बाटोमा ०६ मि बाटो नपुगेको ठाउँ बाहेँक अरु ठाउँ कालोपत्रेको काम सम्पन्न भई भुक्तानी भएको । |
| १२ | 012/WORKS/NCB/KM/080/81 | वार्ड न ११ वार्ड कार्यालय देखि मजवांग हुदै राप्ती न .पा ब्रोकाश भन्ज्यांग जोड्ने सडक कालिका ११ | खण्ड १-वार्ड न ११ वडा कार्यालय देखि मजवांग हुदै राप्ती न .पा ब्रोकाश भन्ज्यांग जोड्ने सडक कालिका ११ | ग्याबिन,नाला cutting र उच्च स्तरीय ग्राबल को काम सम्पन्न भई भुक्तानी भएको |
| १३ | 013/WORKS/NCB/KM/080/81 | सुन्दर बस्ती घोलको बाटो कालोपत्रे कालिका ०१ | खण्ड १-सुन्दर बस्ती घोलको बाटो कालोपत्रे कालिका ०१ | बेस सम्मको काम सकी ,ठेकदार सम्पर्कमा नरहेको र कार्यालयबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | | निर्माण कार्य तत्काल सम्पन्न गर्नको लागि पत्रचार भईरहेको। |
| १४ | 014/WORKS/NCB/KM/080/81 | वार्ड कार्यालय पुर्बधार निर्माण कालिका ०५ | खण्ड १-वार्ड कार्यालय पुर्वाधार निर्माण कालिका ०५ | काम सम्पन्न भई भुक्तानी भएको । |
| १५ | 015/WORKS/NCB/KM/080/81 | कालिका नगरपालिका का विभिन्न बाटो मर्मत | खण्ड १- पृथ्वी चोक देखी पूर्व र दक्षिण बाटो<br>खण्ड २-भिमौली समुदायक बन गेट देखि कामिनी घाट पुल तर्फ को बाटो<br>खण्ड ३- त्रिशक्ति चोक देखि ५ न वार्ड अफिस रोड<br>खण्ड ४-जुटपानी पदमपुर सिमाना बाटो (आनन्द चोक ,बास्तोला चोक देखि गुम्बा चोक सम्म )<br>खण्ड ५-मोति बहादुर चोक देखि मुरली चोक (गणेश सुनवार को घर )सम्म (गोर्खाली टोल )<br>खण्ड ६-९ न बाटो (चेनेज ०+०००भिमवली बन गेट वार्ड न ५ देखि पूर्ब )<br>खण्ड ७-०१ न बाटो (सृजना चोक देखि पूर्व बाटो ) | ८५० मि सम्म कालो पत्रे गरि ठेकदार सम्पर्कमा नरहेको र कार्यालयबाट बारमबार पत्रचार भईरहेको । कार्तिक ५ गतेसम्म म्याद रहेको (मनकामना निर्माण प्रा लि ) |

| | | | | |
|---|---|---|---|---|
| १६ | 016/WORKS/NCB/KM/080/81 | पृथ्वी मा .बि तर्फ बाट बुद्घि प्रसाद तिवारी को घर को बाटो कालोपत्रे र साथै बसुन्धरा पाध्या र हरि सिंहको सिमाना देखि होम बहादुरको घर सम्म बाटो उच्चस्तारिय | खण्ड १-पृथ्वी मा .बि तर्फ बाट बुद्घि प्रसाद तिवारी को घर कौ बाटो कालोपत्रे र साथै बसुन्धरा पाध्या र हरि सिंहको सिमाना देखि होम बहादुरको घर सम्म बाटो | ३६५ मि बाटोमा बेसको काम सम्पन्न भएको । सावन 10 गतेसम्म म्याद रहेको \| |
| १७ | 017/WORKS/NCB/KM/080/81 | वार्ड न ७ मा ढल तथा नाला निर्माण (दोस्रो चरण ) | खण्ड १-वार्ड न ७ मा ढल तथा नाला निर्माण (दोस्रो चरण ) | २१० मि नालाको काम सम्पन्न भइ भुक्तानी भएको |
| १८ | 018/WORKS/NCB/KM/080/81 | गडुवा चोकदेखि भरतपुर जोड्ने खगेडी पुलसम्म सडक मर्मत तथा बि .पी चोकदेखि पूर्व | खण्ड १- गडुवा चोकदेखि भरतपुर जोड्ने खगेडी पुलसम्म सडक मर्मत<br>खण्ड २ - बि .पी चोकदेखि पूर्व ०४ न वार्ड कार्यालय तर्फ सडक मर्मत | बिपी चोक देखि पूर्व ०४ न वार्ड कार्यालय तर्फ सडक ५०० मि कालोपत्रे भएको र गडुवा चोक |

| | | | | |
|---|---|---|---|---|
| | | ०४ न वार्ड कार्यालय तर्फ सडक मर्मत | | तर्फको मर्मत गर्ने १५०० मि सडक कालोपत्रे कार्यको काम बाँकि रहेको। |
| | | | | |

<u>पूर्वाधार निर्माण सम्बन्धी २०८०/८१ तेश्रो चौमासिक सम्ममा सम्पादित योजनाहरुको तथ्यांक विवरण</u>

| क्र सं | निर्माण कार्य | | निर्माण कार्य | |
|---|---|---|---|---|
| | | | परिमाण | इकाइ |
| सडक | | | | |
| | पिच निर्माण | | १००५७ | मिटर |
| | ग्रावेल निर्माण | | ३५६५ | मिटर |
| | नयाँ ट्र्याक निर्माण | | ४०८९.८ | मिटर |
| | पिच मर्मत | | १३५० | मिटर |
| | सडक सम्बन्धी निर्माण कल्वट निर्माण तथा मर्मत संख्या | | ११ | संख्या |
| | मोजाइक टायल बाटो | | १८८ | मिटर |
| | | | | |
| सडक नाला निर्माण (मि.): २४०३ मी. | | | | |
| भवन | | | | |
| | स्कुल भवन निर्माण, मर्मत सुधार | | १० | संख्या |

| | | | | |
|---|---|---|---|---|
| | वडा भवन तथा पूर्वाधार निर्माण मर्मत | | ५ | सख्या |
| | स्वस्थ चौकी मर्मत | | १ | सख्या |
| | स्कुल शौचालय निर्माण | | २ | सख्या |
| | कम्पाउण्ड निर्माण | | ११९१.९५ | मिटर |
| | सामुदायिक भवन (गुम्भा/गुठि/चर्च, सत्तल समेत गरी ) | | २३ | सख्या |
| | | | | |
| सिचाइ | | | | |
| | नयाँ कुलो निर्माण | | ४९८७ | मिटर |
| | | | | |
| खानेपानी | | | | |
| | पाइप विस्तार (मि.) | | ९२५५ | मिटर |
| | टंकी निर्माण सख्या | | १५ | वटा |
| | घर धुरी धारा विस्तार | | २५५ | सख्या |
| | | | | |
| बोरिग (Chamber) विस्तार | | | | |
| | सिचाइ बोरिग | | १९ | वटा |
| | खानेपानी बोरिग मर्मत समेत | | ८ | वटा |
| | chamber विस्तार | | ३९ | वटा |
| | | | | |
| | | | | |

<u>विपद् ब्यवस्थापनः</u>

- विपद् व्यवस्थापन कोषबाट बर्षादको कारण क्षती भएको नगरभित्र रहेको विभिन्न बाटोहरुमा ग्रावेल राखी मर्मत गरि सम्पन्न गरिएको ।

- हालको मितिसम्म यस पालिका भित्र पाँच(५) वटा घरमा आगलागीबाट भएको क्षतिको राहतस्वरूप तत्काल गुजाराको लागि उचित राहत वितरण गरिएको ।
- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी लगाएतका हेभी मेसिन उपकरण जे.सी.वी-६५३ घण्टा , ग्रेडर १०९.३ घण्टा र मिनी टिप्पर २२१६.७ कि.मि प्रयोग गरिएको ।
- सम्भावित मनसून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु,राजनैतिक दलहरु,सुरक्षा निकायहरु ,सामाजिक संघ-संस्थाहरुसंग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सूची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको ।
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ । हाल सम्म ९ वटा बैठक बसी ४३ वटा निर्णय भएका छन् ।

<u>वन तथा वातावरण</u>

- कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा अभिलेख गरिएको ।
- थाङ्ग बुंङ्ग खोला व्यवस्थापन कार्यको आई.ई. ई.प्रक्रिया अगाडि बढेको ।
- फोहर संकलन तथा व्यवस्थापन सम्बन्धि सचेतना तथा सरोकारवाला बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न |
- कालिका नगरपालिकाको मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ७० वटा मुहान/संस्था दर्ता भएको ।
- नदिजन्य पदार्थ बिक्रि परिमाण र राजश्व संकलन

| सि.न. | बिवरण | परिमाण | राजश्व संकलन |
|---|---|---|---|
| १. | ग्रावेल | ४६९३.५ | ३४,४७,३७५/७५ |
| २ | ढुंगा | ३१९.५४ | ४,१५,४०२/- |

- सरकारी साधनको प्रयोग र राजश्व संकलन

| सि.न. | साधनको नाम | चलेको घण्टा | राजश्व संकलन | |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ग्रेडर | २०७.४ | १०,३७,०००/- | निर्माण व्यवसायी, उपभोक्ता समिति ,नगरपालिका र वडा सिफारिस मार्फत प्रयोग गरिएको |
| २ | जे.सि.बी. | ६६२ | १८,५३,६००/- | निर्माण व्यवसायी, उपभोक्ता समिति ,नगरपालिका र वडा सिफारिस मार्फत प्रयोग गरिएको |
| ३. | मिनी टिपर | २२२२.४ कि.मि. | | उपभोक्ता समिति ,नगरपालिका र वडा सिफारिस मार्फत प्रयोग गरिएको,नगरको औषधी , बिउबिजन तथा अन्य कार्यालय प्रयोजन प्रयोग भएको |

<u>आर्थिक प्रशासन शाखा  र आन्तरिक लेखापरीक्षण एकाईः</u>

क. हाल सम्मको बजेट खर्चको अवस्थाः

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४२,६२,२७,२५०/- | ३८,८१,१५,३९२/९६ | ९१.०६ |
| २ | पूँजीगत खर्च | ४३,७३,९२,७५०/- | २८,३३,२९,३२८/०३ | ६४.७८ |
| जम्मा खर्च | | ८६,३६,२०,०००/- | ६७,१४,४४,७२०.९९ | ७७.७४ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्थाः

| क्र.स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| 1 | समानिकरण अनुदान | | |
| | संघ | १३,४९,००,०००/- | १२,५४,५७,०००/- |
| | प्रदेश | १,४१,०१,०००/- | १,४१,०१,०००/- |
| 2 | शर्शत अनुदान | | |
| | संघ | २६,९६,००,०००/- | २६,२७,१५,०००/- |
| | प्रदेश | २,१९,८२,०००/- | २,१९,८२,०००/- |
| 3 | समपुरक अनुदान | | |
| | संघ | ७५,००,०००/- | ७०,६३,०२१/१५ |
| | प्रदेश | ०० | |
| 4 | विशेष अनुदान | | |

| | | | |
|---|---|---|---|
| | संघ | १,५०,००,०००/- | ९,७७,४५०/- |
| | प्रदेश | ० | |
| 5 | राजश्व बाँडफाँड | २३,४६,९७,०००/- | १९,४०,४७,४२०/९० |
| 6 | आन्तरिक स्रोत | ५,००,००,०००/- | ५,३९,७५,६६९/४० |
| 7 | गत आ.व को बैंक मौज्दात | ८,२४,५६,०००/- | ७,४९,६६,२१०/२७ |
| 8 | जिसस तथा सडक वोर्ड | २,१५,००,०००/- | १,२९,०८,४२३/- |
| 9 | जनसहभागिता | १,००,००,०००/- | ४२,८२,१८३/- |
| | कुल जम्मा | ८६,३६,२०,०००/- | ७७,२४,७५,३७७/७२ |

लेखापरीक्षणः

✔कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको । यस आ व मा हाल सम्म ६ वटा बैठक सम्पन्न भई बेरुजु न्युनिकरणको लागी पहल गरीएको ।

✔महालेखा परिक्षकको कार्यालय बाट २०७९/०८० को लेखापरिक्षण सम्पन्न गरि प्रतिवेदन प्रप्त भएको छ । गत वर्ष सम्मको बाँकी बेरुजु रु ३ करोड ९० लाख ५७ हजारमा यस वर्ष रु १ करोड ३४ लाख १४ हजार फर्स्यौट तथा यस वर्षको रु १ करोड ७७ लाख ०१ हजार गरी जम्मा ४ करोड ३३ लाख ४४ हजार कायम भएको छ ।

<u>शिक्षा युवा तथा खेलकुद शाखा</u>

1. विद्यालय संख्याः सामुदायिक ३५ र संस्थागत ११ जम्मा ४६
2. विद्यार्थी संख्याः सामुदायिक ८८७४ र संस्थागत ३७५३ जम्मा १२६२७
3. शिक्षक कर्मचारी संख्याः सामुदायिक तर्फ ३६०
4. यस वर्षको कुल बजेट शिक्षा तर्फ रु २१,०६,३४,०००/- मा रु २०,०३,७१,८१५/- (९५.१२%) मात्र खर्च भएको नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक

अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको ।

5. आर्थिक वर्ष २०७९/०८० को विद्यालयको लेखा परिक्षण प्रतिवेदन सवै विद्यालयहरुको प्राप्त भएको । लेखा परीक्षक नियुक्तीको काम सम्पन्न भएको।

7. शिक्षक तथा कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित तपशिल अनुसारका तालिमहरु सम्पन्न गरेको ।

क) आधारभुत तथा माध्यामिक तहको विद्युतिय हाजिरीको प्रयोग र प्रभावकारिता सम्वन्धी तालिम।

ख) सिकाई आपुरण तथा द्रुत सिकाई सम्वन्धी प्र.अहरुलाई अभिमुखिकरण तालिम।

ग सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धी इमिस प्रविष्टि तालिम

घ लेखा व्यबस्थापन तालिम ।

ङ बेकारबाट आविश्कार सम्बन्धी तालिम।

8. यस शैक्षिक सत्र २०८० को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण गरेको ।

9. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०८० को शैक्षिक गुणस्तर आवधिक परीक्षा नतिजा विष्लेषण तथा समीक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको ।

10. स्थानीय विषयवस्तुलाई प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रम हाम्रो प्यारो कालिका विद्यालय तहका कक्षा 1-८ को समेत पाठ्यक्रम तयाार भैसकेको साथै कक्षा १-३ को पाठ्यपुस्तक छपाई कार्य सम्पन्न गरी वितरण गरेको र ४-५ को पाठ्यसामाग्री निर्माण कार्य भईरहेको ।

11. नगर स्वयम सेवक शिक्षक व्यबस्थापनको कार्य सम्पन्न गरेको ।

12. १२ जना वालविकास सहजकर्ता र ७ जना प्रा वि. शिक्षकको आन्तरिक काज सरुवा गरी व्यबस्थापन गरिएको ।

13. वाल दिवस २०८० मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको ।

14. भारतको हैदरावादमा भएको दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी भई विजेता खेलाडीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको ।

15. नियमित रुपमा प्र अ वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु भइराखेको ।

16. विद्यालयहरूको आ.व. २०७९/०८० सम्मको बाँकी रहेका बेरुजु सम्परीक्षण भइ वेरुजु फछ्यौट समेत भएको ।

17. सम्पूर्ण विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान/ सेनिटरी प्याड
लगायत अन्य अनुदानहरु निकासा भएको विद्यालयको खातामा पठाइसकेको ।
18. केही सामुदायिक विद्यालयहरुमा विद्युतिय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन भईरहेको तथा वाकी सामुदायिक विद्यालयहरुमा पनि लागू गर्नको लागि माग संकलन गरिएको ।
19 स्थानीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता कुशलतापूर्वक सम्पन्न भएको ।
20. सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धी योजना कार्यान्वयनको चरणमा रहेको ।
21. शाखाबाट करिब ७०प्रतिशत विद्यालयहरुको नियमित अनुगमन र कक्षा अवलोकन गरी पृष्ठपोषणको कार्य भइरहेको 22. विद्यालयमा सरसफाई व्यवस्थापनमा फोहोरबाट मोहोर कार्यक्रम ३ वटा सामुदायिक विद्यालयहरुमा सञ्चालन गरीएको।
२३ शैक्षिक क्यालेण्डर अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको ।
२४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ अध्यक्षहरुलाई क्षमता विकास तालिम सञ्चालन गरीएको।
२५. ५ दिने कम्युटर तालिम र EMIS सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।
२६. नगर शिक्षा योजनाको प्रारम्भिक ड्राफ्ट तयार गरिएको ।
२७. सरोकारवालाहरुसंग शैक्षिक सुधार योजना निर्माण सम्वन्धी छलफल कार्यक्रम सम्पन्न गरीएको छ ।
२८. १८० जना युवा तथा विद्यार्थीहरुलाई लागु औषध दुर्व्यसनी र ट्राफिक सचेतना सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
२९. आधारभूत तह ( कक्षा -८) शिक्षा उतिर्ण परीक्षा २०८० विभिन्न पाँच वटा कन्द्रहरुमार्फत व्यवस्थित रुपमा सम्पन्न गरीएको छ।
३०. विद्यालय व्यवस्थापन समिति विवादरहित ढङ्गवाट सम्पूर्ण विद्यालयहरुमा गठन गरी सम्पन्न गरिएको छ।
३१. लेखा तथा कम्युटर शिक्षकहरुको लागि क्षमता विकास तालिम सञ्चालन गरीएको छ।
३२. युवा, विद्यार्थीहरुको क्षमता विकासको लागि नमुना नगरसभा कार्यक्रम सम्पन्न गरिएको छ।

स्वास्थ्य शाखा

1. ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक (६८३ जना ) र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) ४३ जना व्यक्तिहरुलाई घरैमा गइ श्रावण र चैत्र र जेठ महिनामा स्वास्थ्य परिक्षण गरिएको । स्थानीय जनताहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भएको । म
2. क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डाएलाइसिस गराईरहेका र मेरूदण्ड पक्षघात भएका विरामीहरूको लागि नेपाल सरकारको तर्फबाट मासिक रू ५ ००० को दरले उपलब्ध हुने उपचार खर्च कालिका नगरपालिका भित्रका ७२ जनालाई बैशाख देखी असार मसान्त सम्मको रु दश लाख चलिस हजार रकम भुक्तानी भएको ।
3. नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने निःशुल्क औषधी खरिद गरीसबै स्वास्थ्य सस्थाहरुमा वितरण गरेको ।
4. नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको |
5. कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको क्षयरोग कार्यक्रमहरुको वार्षिक समिक्षा सम्पन्न भएको |
6. नगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा यस चौमासिक सम्ममा ९३५ घर परिवारको ४२५७ जनाको स्वास्थ्य विमा गर्न कुल ३०,०१५०० वरावरको रकम खर्च भएको तथा सिमान्तकृत जात जातिहरुको स्वास्थ्य बिमा समेत प्रदेश संगको समन्वयमा अगाडी बढाइएको ।
7. जनस्वास्थ्य कार्यालयको समन्वयमा कालिका नगरपालिकाको पदपुर क्षेत्रमा नर्सने रोग सम्बन्धी स्वास्थ्य परिक्षण तथा शक्तिखोर स्वास्थ्य चौकिमा दाँत रोग सम्बन्धी स्वास्थ्य शिविर सन्चालन गरि ४३३ जना सेवाग्रहिलाई सेवा प्रदान गरीएको।
8. पुर्ण खोप सुनिस्चितताको लागी प्रदेशको अनुगमन टोलिले अनुगमन गरि घोषणाको अन्तिम तयारिमा रहेको।
9. कालिका नगर अस्पतालमा यस अघि हप्ताको एक दिन संचालन हुदै आएको भिडियो एक्सरे सेवा हाल हप्ताको दुई दिन, वाल रोग सेवा दैनिक तथा स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा हप्तामा १ दिन संचालनमा रहेको ।
10. लगनशिल महिला सहकारी र चर्तुरमुखि मा विमा मनो सामाजिक सम्स्या सम्बन्धी अभिमुखिकरणमा १०० जना शहभागिता रहेको।
11. यस नगरपालिका भित्रका स्वास्थ्य चौकि तथा अस्पतालका न्युनतम सेवा मापदन्ड मापन कार्य सम्पन्न भएको।

महिला बालबालिका तथा समाजकल्याण उपशाखाः

१.अपाङ्गता परिचयपत्र वितरणः

| विवरण | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| शुरु देखि दोस्रो चौमासिक सम्म | ७७ | २३४ | ९६ | २४ | ४२७ | |
| तेस्रो चौमासिकको थप जम्मा | ६ | १४ | ७ | २ | २९ | परिचयपत्र वितरण घुम्ति शिविरको समेत गरि |
| कुल जम्मा | ८३ | २४८ | १०३ | २६ | ४५६ | |

अन्य सम्पदित कार्यहरुः

२.जेष्ठ नागरिक(६०वर्ष माथिका)परिचयपत्र वितरणः शुरुदेखि दोस्रो चौमासिक सम्म २२५६जना,तेस्रो चौमासिकमा थप १० जना गरि जम्मा २२६६ जनालाइ वितरण गरिएको।

३.उपमेयरसंग बालबालिका कार्यक्रम अन्तर्गत शैक्षिक सामाग्री कपी,डटपेन,सिसाकलम र स्कुल झोला वितरण कार्य सम्पन्न सामुदायिक विद्यालयमा अध्ययन गर्ने १३९४ जना बालबालिका लाभान्वित।

४.निशुल्क लोकसेवा तयारी कक्षा कार्यक्रम वडा १ देखि ११सम्मका ५५जनाको सहभागितामा सम्पन्न (महिला-२६जना पुरुष-२९जना /दलित-४जना,जनजाती-३०जना र अन्य-२१जना)

५.बालमैत्री स्थानिय तह घोषणा प्रोत्साहन कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासन नीतिगत,प्रकृयागत कार्य कार्यान्वयन,अवलम्वन तथा घोषणा प्रकृया सम्बन्धी नगरपालिकास्तरीय अभिमुखिकरण कार्यक्रम १३२ जनाको सहभागितामा सम्पन्न।

६.महिलाहरुको सिप विकास अन्तर्गत हलुका सवारी चालक (ड्राङभिङ)तालिममा ६५ जना महिलाहरु लाभान्वित(दलित-५जना,जनजाती-३४जना र अन्य-२६जना)

७.एकल महिलाहरुको आयआर्जन कार्यक्रम अन्तर्गत बाख्रापालन तालिम १ दिने र टेवा स्वरुप प्रजनन् योग्य बाख्राको पाठीहरु वितरण कार्य सम्पन्न(वडा न१-११सम्मका ५५जना एकल महिलाहरु लाभान्वित। दलित-९जना,जनजाती-३३जना र अन्य-१३जना)
८.बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वडा न. ८मा विद्यालय बाहिरका किशोरीहरु र गर्भवती महिलाहरुलाइ पोषण तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न ६४ जना लाभान्वित । (दलित-१० जना,जनजाती३९जना र अन्य १५जना)
९.वडा स्तरीय बाल अधिकार समिति गठन वडा १-११ सम्म सम्पन्न (महिला-४२जना,पुरुष-४६जना)सहभागिता । (दलित-५जना,जनजाती-३५जना र अन्य-४८जना)
१०.वडा न. १मा वडा स्तरीय बाल सञ्जाल गठन १४६ जनाको उपस्थितीमा २५ सदस्यीय बाल सञ्जाल गठन बालक-१३ जना र बालिका-१२जना (दलित-२जना,जनजाती-१८ जना र अन्य-५जना)
११.आमाबाबु विहिन बालबालिकालाइ सामाजिक संरक्षण भत्ता वितरण सम्पन्न ।(६जना बालबालिका लाभान्वित बालक-५जना र बालिका-१जना)
१२.मध्यम अपाङ्ता भएका व्यक्तिहरुलाइ भत्ता वितरण कार्य सम्पन्न ९० जना लाभान्वित ।

**कृषि विकास शाखा तर्फ**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु | |
|---|---|---|---|
| १ | पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | ९ जना कृषकलाई १२४ कट्ठामा सयपत्री फूल खेतीमा अनुदान दिई कार्य सम्पन्न भएको । | |
| २ | मागमा आधारित साना कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | ५०% अनुदानमा कृषि मेशिनरी औजार लाभग्राही कृषकलाई वितरण कार्य सम्पन्न भएको ।<br>❖ ईलेक्ट्रिक स्प्रे ४४ वटा<br>❖ डिजिटल काँटा १६ वटा<br>❖ मकै रोप्ने मेसिन ४ वटा<br>❖ मकै छोडाउने मेशिन १० वटा र<br>❖ मिनिटिलर ४ वटा | |
| ३ | मागमा आधारित केरा प्रवर्द्धन कार्यक्रम | १० जना कृषकलाई ३८० कट्ठामा केरा खेतीमा अनुदान दिई कार्य सम्पन्न भएको । | |
| ४ | प्राङ्गारिक खेती प्रवर्द्धनका लागि कम्पोष्ट मल, जैविक मल र गड्यौला मल बनाउने तालिम तथा टेवामा ८० % अनुदान | ❖ ४ जना कृषकलाई २५० कट्ठाको लागि भर्मी कम्पोष्ट ८० % अनुदानमा वितरण गरिएको ।<br>❖ एक दिने प्राङ्गारिक फर्म अवलोकन कार्यक्रम सम्पन्न भएको।<br>❖ प्राङ्गारिक खेती सम्बन्धी दुई दिने ३ वटा तालिम सञ्चालन भएको । | |

| | | | |
|---|---|---|---|
| ५ | मागमा आधारित कागती तथा मेवा खेति प्रवर्द्धन कार्यक्रम | ७ जना कृषकसँग सम्झौता भई ९४ कठ्ठामा कार्यक्रम सम्पन्न भएको । | |
| ६ | आकस्मिक बाली संरक्षणको लागि बानस्पतिक, जैविक, रासायनिक बिषादी खरिद बितरण | मकैमा लाग्ने फौजी कीराको प्रकोप नियन्त्रण गर्न ११३१ जना कृषकलाई ७४०० प्याकेट मकैमा लाग्ने फौजी किराको बिषादी वितरण गरिएको । | |
| ८ | सामूहिक खेती गर्ने कृषक समूह तथा सहकारी सँस्था मार्फत कार्यक्रममा ५० प्रतिशत अनुदान सहयोग | न्युरेनी ताजा तरकारी तथा फलफुल सहकारी सँस्था कालिका ८ न्युरेनी सँग सम्झौता भई २५ कठ्ठा क्षेत्रफलमा कार्यक्रम सम्पन्न भएको । | |
| ९ | लागत साझेदारीमा साना तथा मझौला सिँचाई आयोजना निर्माण तथा मर्मत कार्यक्रममा ८५ प्रतिसत | करिब २८ विघा कमाण्ड क्षेत्र ओगट्ने गरी १५ जना उपभोक्तासँग सम्झौता भई कार्य सम्पन्न भएको । | |
| १० | समस्यामा आधारित स्थलगत घुम्ती तालिम | ❖ बेमौसमी तरकारी उत्पादन सम्बन्धी ३ वटा २ दिने तालिम सञ्चालन भएको ।<br>❖ विषादी प्रयोग सचेतना सम्बन्धी ४ वटा १ दिने तालिम सञ्चालन भएको ।<br>❖ धान खेती प्रविधि सम्बन्धी ३ वटा १ दिने तालिम सञ्चालन भएको ।<br>❖ आ.व. २०८१/८२ को कृषि कार्यक्रम सम्बन्धी योजना | |

| | | | |
|---|---|---|---|
| | | तर्जुमा गोष्ठी/ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको । | |
| ११ | मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मकैको बिउ वितरण (५०% अनुदान) | ❖७४० केजी रामपुर हाईब्रिड १० र ६०० के जी रामपुर कम्पोजिट मकैको बिउ वितरण गरिएको ।<br>❖मकै खेती प्रविधि सम्बन्धि १ दिने ४ वटा तालिम सञ्चालन भएको । | |
| १२ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ❖वडा नं ९, कोलारमा करेसाबारी निर्माण सम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान  दिने १ दिने तालिम सञ्चालन गरिएको साथै करेसाबारी निर्माणका लागि लहरे तरकारीका बिउ, हजारी तथा मल्टीभिटामिन जस्ता आवश्यक सामग्री वितरण भएको ।<br>❖कालिका वडा नं ११, सैपाङमा रामपुर कम्पोजिटको २८० जनालाई मिनिकिट वितरण गरिएको । | |
| १३ | आ.व. २०७९/८० मा स्थापना भएका च्याउ पकेट विकास कार्यक्रमको निरन्तरता | ५०% अनुदानमा ९ वटा स्प्रे, ३ वटा डिजिटल काँटा, १ वटा स्टिम बोईलर र बफाउने सेट, ६ वटा ठेला गाडा, ४ वटा रिक्सा वितरण, टनेल सुधार तथा ढलान लगायतका कार्य सम्पन्न गरियो । | |
| १४ | आ.व. २०७९/८० मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रमको निरन्तरता | ५०% अनुदानमा मह उत्पादनमा प्रयोग हुने निम्न सामग्री वितरण गरियो । | |

| | | | |
|---|---|---|---|
| | | ❖चिनि: ६१०० के.जी.<br>❖कुट (पोलेन): १०० के.जी.<br>❖टुनीको घार: १११ थान<br>❖१ के.जी. को महको बट्टा: ५१०० वटा | |
| १५ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान,गहुँ) | ५०% अनुदानमा उन्नत धानको बिउ वितरण गरियो ।<br>❖सावित्रि :१९२३ के.जी.,<br>❖सावाँ समन्सुलि :१६८० के.जी.,<br>❖राधा -४: १८ के.जी.,<br>❖सुख्खा धान : २१० के.जी.,<br>❖बहुगुणी -२: १००० के.जी. | |
| १६ | आई.पि.एम. एप्रोच प्रदर्शन | रसायनिक विषादीको न्यूनिकरणको लागि विभिन्न मोहिनी पासोहरु वितरण गरियो । | |
| १७ | धान दिवस २०८१ | कालिका -८ न्यूरेनीमा राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८१ मनाईयो । | |
| १८ | बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गतको चेपाङ समुदायको उत्थानका लागि चिउरी चमेरो संरक्षण कार्यक्रम | ❖६०० वटा चिउरीको बेर्ना वितरण<br>❖१०० वटा बोटलब्रस फूलको बेर्ना वितरण<br>❖बेर्ना उत्पादनका लागि वडा नं १० मा एउटा र वडा नं ११ मा एउटा गरी जम्मा २ वटा स्थानीय नर्सरी टनेल निर्माण | |

| | | | |
|---|---|---|---|
| | | ❖ वडा नं ९, १० र ११ मा घरधुरी सर्भेक्षण गरी चिउरी र चमेरोको तथ्याङ्क सङ्कलन | |

मल व्यवस्थापन तर्फः

सवै वडाहरूमा मल प्राप्तिको लागि कृषक मलकार्ड लागु गरिएको । मलकार्ड लागु भए पश्चात अनावश्यक मल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ ।

कालिकाको लागि आवश्यक मलको परिमाण

- ❖ युरिया – ३०२०० बोरा
- ❖ डि ए पी – १५४०० बोरा
- ❖ म्युरेट अफ पोटास - १८२०० बोरा

आ.व. २०८०/८१ असार २३ गतेसम्म प्राप्त जम्मा रसायनिक मल आपुर्ति भएको मलको परिमाण

- ❖ युरिया – १२,५०० बोरा (४१.३%)
- ❖ डि ए पी – ६,५७० बोरा (४२.६%)
- ❖ म्युरेट अफ पोटास - १,९२५ बोरा (१०.५%)

विक्रेताहरुः सहकारीहरु: १३ वटा एग्रोभेटहरु: ११ वटा जम्माः २४

कृषकको खेतबारीमा देखिएका समस्याहरुको नियमित अनुगमन भएको ।

६४५ जना कृषकलाई कृषि सम्बन्धि प्राविधिक सेवा प्रदान गरिएको ।

पशु सेवा शाखा तर्फः

हालसम्म सम्पादन भएका मुख्य क्रियाकलापहरूः

- बिश्व रेविज दिवसको अवसरमा निजी तथा सामुदायिक कुकुर र बिरालो ६०५ र नियमित तर्फ १३६ गरि हाल सम्मः ७४१ वटा कुकुर र बिरालोलाई रेविज रोग बिरुद्द नि:शुल्क खोप लगाईएको छ ।
- पशुपन्छी उपचार र परजिवि नियन्त्रण सेवा तर्फ ५९२२८ वटा पशुहरुमा उपचार तथा नि:शुल्क औषधि बितरण गरिएको छ ।
- प्रयोगशाला सेवा तर्फ १९९१ पशुहरुको गोवर तथा ६७ पशुहरुको दुध परिक्षण गरिएको छ ।
- बन्ध्याकरण सेवा तर्फ १८७१ वटा बोकालाई बन्ध्याकरण गरिएको छ ।
- गाई भैसीमा लाग्ने माहामारी जन्य संक्रामक रोग विरुद्ध खोप लगाउने कार्यक्रममा दु.उ.सहकारी संस्थाहरुको सहकार्यमा लम्पीस्किन रोग बिरुद्द २ पटक गरेर जम्मा ११ हजार र खोरेत रोग बिरुद्द ६ हजार १ सय पशुहरुलाई नि:शुल्क खोप सेवा प्रदान गरिएको छ ।
- भेडाबाख्राहरुमा लाग्ने पिपिआर रोग नियन्त्रणका लागि नगर भित्रका १ देखि ११ बटै वडाका गरी जम्मा १८००० भेडाबाख्रामा नि:Sशुल्क खोप सेवा प्रदान गरिएको छ ।
- पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत ५९०० के.जि. हिउदे घाँसको बीउ तथा ३५०० के.जि बर्षे सुडान घाँसको बीउ खरिद गरी निःशुल्क बितरण गरिएको छ ।
- नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सेवा तर्फ ४९०६ वटा गाई तथा ४४२ भैंसीहरुमा गरी जम्मा ५३४८ पशुहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको ।
- बिमा कम्पनीबाट बिमा भएका गाई/भैंसी/बाख्रा मृत्यु पश्चात बिमाबाट पाउने क्षतिपूर्ति रकम भूक्तानीको लागि १०४ वटा सिफारिस गरिएको ।
- आकस्मिक मृत्यू भएका पशुहरुको रोग पहिचानको लागि ४९ पशु तथा पंछीहरुको पोष्टमोर्टम गरिएको ।

पशुसेवा शाखाबाट भैरहेका क्रियाकलापहरूः

| सि नं | सञ्चालन भैरहेका क्रियाकलापहरु | हालसम्मको प्रगति |
|---|---|---|

| | | |
|---|---|---|
| १ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेका |
| २ | गाई भैसीमा लाग्ने लम्पीस्किन रोग विरुद्ध खोप लगाउने कार्यक्रम | सम्पन्न |
| ३ | विश्व रेविज दिवस तथा रेविज विरुद्ध भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न |
| ४ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउबिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तर्गत घाँसको बीउ वितरण | सम्पन्न |
| ५ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद | सम्पन्न |
| ६ | गाईभैसीको गोठ सुधार कार्यक्रम | सम्पन्न |
| ७ | च्यापकटर वितरण कार्यविधि अनुसार छनौट भएका किसानहरुको लागि | सम्पन्न |
| ८ | बाख्राको खोर सुधार कार्यक्रममा अनुदान कार्यक्रम निरन्तरता ४ वटा खोरको लागि | सम्पन्न |
| ९ | ह्विल व्यारो बितरण कार्यक्रम | सम्पन्न |
| १० | मत्स्य विकास कार्यक्रम | सम्पन्न |
| ११ | पशुपंक्षिको आहारा दानाको उत्पादनको लागि कम्बाइन मिल वितरण | सम्पन्न |
| १२ | नश्ल सुधार कार्यक्रम प्रजनन जन्य उन्नत ब्याडे बोका वितरण तथा हस्तान्तरण (८० प्रतिशत अनुदानको कृषकको तर्फबाट २० प्रतिशत लागत साझेदारी रहने) | सम्पन्न |
| १३ | १ दिने स्थलगत गाई / भैसि / बाख्रा / बंगुर लगायत पंक्षिपालन तालिम | सम्पन्न |

| | | |
|---|---|---|
| १४ | भेडा बाख्रामा लाग्ने पि पि आर रोग बिरुद्ध खोप अभियान | सम्पन्न |
| १५ | पशु उपचारात्मक सेवाको लागि उपकरण खरिद | सम्पन्न |
| १६ | वडा न. ११ को लागि  परजिवि नियन्त्रण र उपचार सेवाको औषधि खरिद | सम्पन्न |
| १७ | सहकारी संस्थाहरुमा आबद्द कृषकहरुलाई प्रति लिटर दुध उत्पादनमा रु १ अनुदान कार्यक्रम | सम्पन्न |
| १८ | पशुहरुमा भ्यागुते लगायतको विभिन्न महामारीका रोगहरुमा खोप दिने कार्यक्रम | सम्पन्न |
| १९ | थुनेलो रोग नियन्त्रणको लागि प्रबिधि सहित औषधी वितरण कार्यक्रम | सम्पन्न |
| २० | गर्भवती तथा सुत्केरी बंगुरलाई फिड सप्लिमेन्ट वितरण कार्यक्रम | सम्पन्न |
| २१ | पशु प्रजनन् लागी आवश्यक मिनरल तथा टोनिक फिड सप्लिमेन्ट वितरण कार्यक्रम | सम्पन्न |
| २२ | गाईभैंसी प्रवर्द्धन कार्यक्रम कालिका न.पा. ८ | सम्पन्न |
| २३ | भैंसी प्रवर्द्धन कार्यक्रम कालिका न.पा.  २ | सम्पन्न |
| २४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | सम्पन्न |
| २५ | ईपिडेमियोलोजिकल रिपोर्टिङ | सम्पन्न |
| २६ | माहाँमारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | सम्पन्न |

<u>भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद्</u>

१.	घर नक्शा पास तर्फ

| सि. नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत ( अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | ४७ | ३६ | २३ | ३७ |

२. घर अभिलेखीकरण कार्यतर्फ **(**आ**.**व २०८०/०८१**)**

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | ४०७ | २८१ |

<u>स्थानीय भूमि परिषद् तर्फ</u>

१. कुल बैठक निर्णय: १६ वटा (हाल सम्म)

२. जग्गा बर्गीकरण सिफारिश संख्या : भू उपयोग परिषदको बैठक बाट निर्णय भई यो आर्थिक वर्ष २०८०/८१ मा १५ वटा (५००० ब. मी क्षेत्रफल भन्दा माथि) जग्गाधनीको बर्गीकरण सिफारिश प्रदान गरिएको र मिति २०८०/०६/३० गतेको भु-उपयोग परिषदको र नगर कार्यपालिकाको बैठक निर्णयबाट जग्गा वर्गीकरण गरी सिफारिश गर्ने अधिकार वडा कार्यालयलाई जिम्मेवारी प्रदान गरिएको ।

३.आर्थिक बर्ष २०८०/८१ मा बाटो लगतकट्टा संख्या = ३७ वटा

<u>भूमि आयोगको काम सम्बन्धीः</u>

जम्मा जमिन नाँपजाँचको अवस्थाः वडा नं. १,२,३,४,५,६,७ र ८ मा
जम्मा परिवार संख्याः ३७९५
नापी भएको जग्गा क्षेत्रफलः ४८६ विगाहा
नापी सम्पन्न जग्गा कित्ता संख्याः ५१९६
अब जमिन नापजाँच हुन बाँकी क्षेत्रः वडा नं ९,१० र ११ तथा वडा नं. ३,५ र ८ केहि नापी कार्य बाँकी ।
नेपाल सरकारको मिति २०८०/१२/०८ को निर्णय अनुसार राष्ट्रिय भूमि आयोग खारेज भइ मिति २०८०/१२/१२ देखि कार्य स्थगन भएको ।

<u>उद्योग दर्ता सम्बन्धीः</u>

यो अवधि को उद्योग दर्ताको अवस्थाः २८
नविकरण भएको जम्माः ६७

उद्योग व्यवसाय बन्द : १९

<u>संघ /संस्था</u>
पालिकामा सुचिकृत भएका संख्या :२७
पालिकामा दर्ता भएका संख्या :५

धन्यबाद